# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७७/०७८ बैठक ब्यवस्थापन शाखा

च.नं.: ३३८२

मितिः-२०७८/०१/२०

विषयः- निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

**श्री मनहरी गाउँकार्यपालिकाका**
**सबै शाखा/उपशाखा प्रमुखहरु**
**वडा कार्यालय/वडा सचिवहरु**
**मनहरी, मकवानपुर ।**

प्रस्तुत विषयमा मिति २०७८ बैशाख १३ गते सोमबार बसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान बाह्र यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

२०७८/१/२०

..................................
(देवराज चौलागाई)
प्रमुख प्रशासकिय अधिकृत

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७८ साल बैशाख १३ गते सोमवारका दिन विहान ०८ बजे देखि यस मनहरी गाउँपालिकाको कार्यपालिका बैठक गा.पा. अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिति सहित वसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. श्री एकराज उप्रेती | गा.पा. अध्यक्ष | अध्यक्ष |
| २. श्री मनिला विष्ट | गा.पा. उपाध्यक्ष | सदस्य |
| ३. श्री आनन्द घलान | २ नं.वडा अध्यक्ष | सदस्य |
| ४. श्री गोपिलाल मोक्तान | ६ नं.वडा अध्यक्ष | सदस्य |
| ५. श्री ठाकुरराम तिटुङ | ७ नं.वडा अध्यक्ष | सदस्य |
| ६. श्री दिलबहादुर स्याङतान | ८ नं.वडा अध्यक्ष | सदस्य |
| ७. श्री ध्रुव खड्का | ४ नं.वडा अध्यक्ष | सदस्य |
| ८. श्री विष्णु थिङ | ३ नं.का.बा.वडा अध्यक्ष | सदस्य |
| ९. श्री साधुराम अधिकारी | ९ नं.वडा अध्यक्ष | सदस्य |
| १०. श्री शिव प्रसाद खनाल | १ नं.वडा अध्यक्ष | सदस्य |
| ११. श्री शुभराज थिङ | ५ नं.वडा अध्यक्ष | सदस्य |
| १२. श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| १३. श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| १४. श्री राधादेवी खकुराल पाठक | महिला सदस्य | सदस्य |
| १५. श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| १६. श्री गीता कुमारी प्रजा | दलित/अल्पसंख्यक सदस्य | सदस्य |
| १७. श्री देवराज चौलागाई | प्रमुख प्रसाशकिय अधिकृत | सचिव |

आमन्त्रित/सहयोगी

१. श्री संगिता अधिकारी लेखा अधिकृत राजश्व/आ.प्र.महाशाखा प्रमुख

२.

मिति २०७८ बैशाख १३ गते सोमवार बसेको मनहरी गाउँ कार्यपालिका बैठकको निर्णय

## प्रस्तावहरु

१. योजनाको नाम संशोधन वारे ।
२. लागत सहभागिताको बैकल्पिक योजना छनौट गर्ने वारे ।
३. योजनाको नाम र रकम सुधार गर्ने वारे ।
४. योजनाको म्याद थप गर्ने बारे ।
५. ५ वटा पक्कि पुल निर्माण कार्यको सुपरभिजन वारे ।
६. खापासटेलाई करार सेवामा काम लगाउने गर्ने वारे ।
७. १५ शैयाको अस्पताल निर्माणको वोलपत्र वारे ।
८. बैकल्पिक उर्जाको कार्यक्रम संचालन वारे ।
९. हाँडीखोला लामिटार सडकको वचत रकम विनियोजन वारे ।
१०. डिल्लीपुर बसन्तपुर सडक पिचको ठेक्का वारे ।
११. स्वास्थ्य विमा र खरको छाना मुक्त कार्यक्रम संचालन वारे ।
१२. कानुनी सहजकर्ताको सेवा निरन्तरता वारे ।
१३. सशस्त्र प्रहरी वेसलाई आपतकालिन सुरक्षा सामग्री उपलब्ध गराउने वारे ।
१४. पाल्दमार सडकको पहिरो नियन्त्रण वारे ।
१५. कम्युटर मर्मत तालिम संचालन गर्ने वारे ।
१६. कोभिड १९ को जोखिम न्यूनिकरण गर्ने वारे ।
१७. मिडियाहरुको कार्यक्रम संचालन प्रस्ताव स्वीकृत गर्ने वारे ।
१८. सोलार वत्तिको रकम भुक्तानी गर्ने वारे ।
१९. गोबर तथा दुध परिक्षण खर्च रकम विनियोजन गर्ने वारे ।
२०. वालक उद्दार खर्च रकम उपलब्ध गराउने वारे ।
२१. विभिन्न भैपरी योजनाहरुमा रकम विनियोजन गर्ने वारे ।
२२. लोकसेवा तयारी कक्षा संचालन वारे ।
२३. सान्नानटार हाँडिखोला काठेपुललाई नपुग रकम थप गर्ने वारे ।
२४. विविध विषयहरु
 क- O& M प्रतिवेदनमा नपुग रकम थप गर्ने ।
 ख- विभिन्न रकम भुक्तानी/अनुमोदन वारे ।
 ग- अपाङ्ग संघ जिल्ला सम्मेलनका लागि सहयोग गर्ने वारे ।
 घ- भोजशिद्ध मा.वि.मा खानेपानी र प्रिन्टर सहयोग गर्ने वारे ।
 ङ- राष्टपति रनिङ शिल्डको रकम उपलब्ध गराउने वारे ।
 च- थाहा स्मृति स्वास्थ इकाईको रंगरोगन खर्च उपलब्ध गराउने वारे
 छ- आर्थिक सहायता अनुमोदन वारे ।

## निर्णयहरु

१. यस प्रस्तावमा छलफल गर्दा यहि १७ गते सम्पन्न आठौ गाउँसभावाट भएको निर्णयानुसार यस गाउँपालिका क्षेत्रभित्र संचालनको क्रममा रहेका स्वीकृत योजनाहरुको नाम नमिलेमा सो नाम संशोधन गर्न सकिने ब्यवस्था भएकाले देहायका योजनाहरुको

नाम सम्वन्धित वडा कार्यालयहरुको सिफारिस अनुसार संशोधन गरी संशोधित नाम अनुसार योजना संचालन गर्ने ।

| वडा नं. | योजनाको नाम. ठेगाना | रकम | संशधित नाम. ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | आपदमार महादेव मन्दिर चकरी | ३.५ लाख | आँपदमार महादेव मन्दिर संरक्षण उपभोक्ता समिति | गा.पा.पुँ. |
| १ | चकरी भोर्ले टाँडी कालोपत्रे | ३.५ लाख | चकरी भोर्लेटाँडी स्ल्याब निर्माण | गा.पा.पुँ. |
| ३ | डोठे सुकौरामा बुद्ध मुर्ति खरिद/स्थापना | १.५ लाख | गुम्बा स्टल भुई ढलान र रंगरोगन योजना | का.पा.नि |
| ८ | राप्ती निकास पुल | ७ लाख | गुरुङ डाँडा बाटो स्ल्याप र मेसिनरी वाल निर्माण योजना | गा.पा.पुँ. |
| ८ | सुकौरा खोल्चि पुल/कल्भर्ट निर्माण | ५ लाख | बोडिङ जाने बाटो हुँदै गुम्वा टोल बाटो निर्माण योजना- जम्मा १५ लाख | गा.पा.पुँ. |
| ८ | सुकौरा खोल्सी पुल/कल्भर्ट निर्माण योजना | १० लाख | | वडाको भैपरी |
| १ | चकरी भोर्ले टाँडी कालो पत्रे | ७ लाख | चकरी भोर्ले टाँडी स्ल्याप ढलान | गा.पा.पुँ. |
| १ | — | — | — | — |

२. यस प्रस्तावमा छलफल गर्दा मिति २०७७/१२/२३ गते बसेको गाउँकार्यपालिकाको निर्णय नं.२ अनुसार गाउँकार्यापालिकाको निर्णयानुसार गाउँसभावाट विनियोजित ६०/४० प्रतिशत नगद लागत सहभागिता ब्यहोर्ने गरी लाभग्राही/उपभोक्ता समुहवाट प्राप्त योजनाहरुको छनौट कार्य भैसकेकाले सो निर्णयानुसार विनियोजित रकम आगामी १५ दिन भित्र संझौताका लागि वडा कार्यालयहरु मार्फत कार्यालयले जानकारी गराउने र तोकिएको समयमा संझौता नभएमा वार्षिक विनियोजित रकमको परिधि भित्र रहि प्राथमिकता क्रम अनुसारका बैकल्पिक रुपमा देहाय अनुसारका योजनाहरु कार्यालयवाट कार्यान्वयनको प्रकृयामा जाने ।

| क्र.स. | आयोजनाको नाम | वडा नं. | अध्यक्षको नाम | कार्यालयले ब्यहोर्ने | उपभोक्ताले ब्यहोर्ने | जम्मा विनियोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | दिव्य ज्योती महिला बचत तथा ऋण सहकारी संस्था लि. भवन निर्माण | ८ | सुजिता थापा मस्रङे | 600000.00 | 400000.00 | 1000000.00 | नपुग रकम थप गरिएको |
| 2 | रमनटार स्ल्याब बाटो ढलान योजना | ७ | | 300000.00 | 200000.00 | 500000.00 | |
| 3 | पुडासैनी खोल्चा नियन्त्रण योजना | ९ | | 120000.00 | 80000.00 | 200000.00 | |
| 4 | क्रिम खोल्चि नियन्त्रण योजना | २ | | 300000.00 | 200000.00 | 500000.00 | |
| 5 | कर्मा थुग्जे छवोईलिङ गुम्वा जाने बाटो निर्माण | ३ | उमा कुमारी नेपाली | 300000.00 | 200000.00 | 500000.00 | |
| | जम्मा | | | 1620000.00 | 1080000.00 | 2700000.00 | |

३. यस प्रस्तावमा छलफल गर्दा मिति २०७७/१०/२८ गते बसेको कार्यपालिका बैठकको निर्णय नं. ७ मा वडा स्तरिय भैपरी योजना शिर्षकवाट छनौट गरिएको वडा नं. ४ को ट्वाग्रा कवुलेती बस्ती बचाउ योजनाका लागि रु. २ लाख हुनु पर्नेमा अन्यथा भएकाले

संशोधन गरिएको । मिति २०७७/१२/२३ गते बसेको कार्यपालिका बैठकको निर्णय नं. १० एकता टोलवाटो स्तरीकरण योजनका लागि रु. ४ लाख विनियोजन गरिएकोमा योजनाको नाम अन्यथा भएकाले भुल सुधार गरिएको ।

४. यस प्रस्तावमा छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. १ मा रु. २० लाख गाउँपालिमा पुँजिगत तर्फ विनियोजन भई संचालित हाँडिगाउँ गोगने खानेपानी योजना संचालनका लागि मिति २०७७/०२/११ मा नै कार्यालयले उपभोक्ता समिति संग सझौता गरेकोमा मिति २०७७/०२/३१ सम्म कार्य सम्पन्न हुनु पर्नेमा जनशक्ति र कोभिड महामारीका कारण समयमै कार्य सम्पन्न हुन नसकेकाले म्याद सकिएको मितिवाट नियमानुसार २०७८ बैशाख मसान्त सम्म म्याथ थप गरी विल भरपाई मुल्याङ्कन लागायतका आधारमा भुक्तानीका लागि कार्यालयलाई निर्देशन दिने ।

५. यस प्रस्तावमा छलफल गर्दा मनहरी गाउँपालिका वडा नं.२, ३ र ४ का विभिन्न खोला खहरेहरुमा निर्माण गरिने पक्की (RCC) पुलहरुको निर्माण कार्य भैरहेकाले सो पुलहरुको निर्माण सुपरभिजनका लागि मौजुदा प्राविधिकहरुले मात्र सुपरभिजन र अनुगमन गर्न नभ्याउने जानकारी दिएकाले प्राविधिक शाखाको सिफारिसमा वढिमा २०७८ आषाढ मसान्त सम्मका लागि कन्टेन्जेन्सी शिर्षकवाट ब्यहोर्ने गरी न्यून लागतको आधारमा पुल निर्माण सम्वन्धी अनुभवी प्राविधिक / कन्सल्टेन्सीलाई नियमानुसार परामर्श सेवा खरिद गरी कामकाज गर्न लगाउने ।

६.यस प्रस्तावमा छलफल गर्दा यस कार्यालयमा कार्यरत खानेपानी सहायक टेक्निसियन श्री छत्र बहादुर खत्री उमेर हदका कारण अवकाश भएको र कार्यालयमा खानेपानी योजनाको फिल्डमा आवश्यक काम गर्न. सुपरभिजन र अनुगमन गर्न प्राविधिक शाखाको सिफारिस अनुसार निजको सेवा आवश्यक रहेकोले बढिमा २०७८ मसान्त सम्मका लागि कन्टेन्जेन्सी शिर्षकवाट ब्यहोर्ने गरी निजलाई नियमानुसार करार सेवा लिएवापत खापासटेले पाउने सुविधा सहित सेवा करार गराई कामकाजमा निरन्तरता दिने ब्यवस्था कार्यालयले मिलाउने ।

७. यस प्रस्तावमा छलफल गर्दा संघीय सरकारको सहयोगमा मनहरी वडा नं. ७ मा १५ सैयाको अस्पताल भवन निर्माणका लागि प्राप्त लागत अनुमान रु. १९,१६,१८,५४३.२८ मा कार्य गर्ने गरी मिति २०७८/०१/१३ मा प्रकाशित बोलपत्र समर्थन गर्ने र थप प्रकृयाहरु कार्यालयले अगाडि वढाउने । संघीय मन्त्रालयवाट प्राप्त सिलिङ १८ करोडमा नपुग रकम गाउँपालिकाको आन्तरिक श्रोतवाट ब्यहोर्ने ।

८. यस प्रस्तावमा छलफल गर्दा संघीय सशर्त चालु कार्यक्रम अन्तरगत विनियोजित रु. ७ लाख मध्ये शौर्य उर्जा प्रविधि जडान तर्फको रु. ३ लाख कार्यालयमा सोलार लाईन जडान गर्ने । सुधारिएको चुलो (वायोमास) प्रविधि कार्यक्रम तर्फको रु. २ लाख वडा नं.



रुकराज उप्रेती

२ र ४ मा कार्यक्रम संचालन गर्ने र वायोग्यास जडान तर्फ विनियोजित रु. २ लाख वडा नं. ६ को जोगिताल क्षेत्रमा कार्यक्रम संचलन गर्ने ।

९. यस प्रस्तावमा छलफल गर्दा वडा नं. ३ को हाँडिखोला सडक स्तरीकरण लामिटार चकरी सडक निर्माणका लागि प्रदेश सरकारको समपुरक अनुदान र राजश्व वाँडफाँडवाट रु. २,००,००,०००.०० विनियोजन गरी वोलपत्र प्रकाशन गरीएकोमा सो ठेक्का कवोल/संझौता रकम वाहेक वचत भएको रकमवाट सो क्षेत्रमा थप सडक निर्माण कार्य गराउन आवश्यक देखिएकाले देहायका निर्माण कार्यहरु उपभोक्ता समिति मार्फत गर्ने गरी वचत रु. १ करोड बजेट विनियोजन गरी कार्यान्वयन गर्ने ।

| सि.नं. | योजनाको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | मकरी चकरी खोलामा कज्वे निर्माण वडा नं. १ | ३५ लाख | |
| २ | च्यावल खोल्ची कज्वे वडा नं. २ | १० लाख | |
| ३ | हेल्थसेन्टर मुनिको वाटोमा नाली निर्माण वडा नं. ३ | ५ लाख | |
| ४ | माथिल्लो भुन्द्रुङ जाने पुरानो बाटो ग्राभेलिङ वडा नं. ३ | ५ लाख | |
| ५ | पुरानो साझा हुँदै कौगेडि जाने बाटो ढलान वडा नं. ३ | ५ लाख | |
| ६ | मुलवाटो नाली निर्माण योजना वडा नं. ४ | ५ लाख | |
| ७ | भुन्दुङ मुलवाटो नाली निर्माण योजना वडा नं. ३ | ३५ लाख | |

१०. यस प्रस्तावमा छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ५ स्थित दर्दरा डिल्लीपुर बसन्तपुर सडक स्तरीकरण अन्तरगत पिच निर्माण गर्ने गरी रु.१,१०,२५,१०९.१४ मा निर्माण ब्यवसायी श्री एच.वि.मेगा कन्ट्रक्सन प्रा.लि. संग मिति २०७७/०२/२३ मा संझौता गरी कार्य भैरहेको । सो सडकको निर्माण सम्पन्न कार्य मिति २०७७/१०/२३ सम्ममा हुनु पर्नेमा सो समयावधिमा सडक छेउको टेवा पर्खाल निर्माणमा ढिलाई भएको कारण केहि पिच सहितको काम वाँकि रहेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(३) बमोजिम संझौता अनुसारको कार्य सम्पन्न हुने गरी कार्यालयले आवश्यक प्रकृया पुरा गरी वढिमा २०७८ जेष्ठ मसान्त सम्मका लागि कार्य अवधिको म्याद थप गर्ने । सो सडक निर्माण सम्पन्न गर्न स्थानीय अवरोध तथा प्राविधिक समस्या रहेको ब्यहोरा बैठकमा जानकारी भएकाले गाउँपालिकाको योजना अनुगमन समितिले स्थलगत रुपमा अनुगमन/समन्वय गरी कार्यादेश अनुसार तोकिएको काम सम्पन्न गराउन आवश्यक सहजिकरण गर्ने र निर्माण कार्यमा देखिएका अवरोधका सम्वन्धमा आगामी कार्यपालिका वैठकमा प्रतिवेदन सहित जानकारी गराउने ।

११. यस प्रस्तावमा छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ७ बाट खरको छाना हटाई जस्तापाता दिने कार्यक्रम अन्तरगत प्राप्त विवरणहरु मध्ये २३ घरलाई र विपन्न परिवार स्वास्य्य विमा कार्यक्रम अन्तरगत ३३ परिवारलाई स्वास्थ्य विमा गराउने र अन्य वडाहरुले समेत सो कार्यक्रममा सहभागिताका लागि विवरण उपलब्ध गराउने ।

मिति २०७८ बैशाख १३ गते सोमवार बसेको मनहरी गाउँ कार्यपालिका बैठकको निर्णय

१२. यस प्रस्तावमा छलफल गर्दा आन्तरिक मामिला तथा कानून मन्त्रालयवाट करार नियुक्ति पाई यसै गा.पा.को कानूनी सहजकर्ताको रुपमा रेखा सापकोटाले मिति २०७५/०८/०१ देखि निरन्तर रुपमा २०७७ असार मसान्त सम्म न्यायिक शाखाका जिम्मेवारी सम्हालेको र मिति २०७७/०४/०१ देखि २०७७/१०/१० गते सम्म करार अवधि नरहेको समयमा समेत यस कार्यालयमा नियमित रुपमा उपस्थित भई न्यायिक शाखाका जिम्मेवारी सम्हालेकोले सो अवधिको पारिश्रमिक भुक्तानी माग गरि कानुनी सहजकर्ताले काम गरेको भनि निवेदन पेश गरेको सम्वन्धमा करारमा नरहेको अवस्थामा भ्रमण भत्ता लिई गाउँपालिकाको तर्फवाट विभिन्न अदालतहरुमा अख्तियारीनामा दिईएको । मिति २०७७/०३/२५ मा सम्पन्न छैठौ गाउँसभाको निर्णय नं. १० अनुसार मन्त्रालयवाट अर्को ब्यवस्था नभएकाले पदपुर्तिका लागि करार सेवाको सूचना प्रकाशन गर्ने निर्णय भएकोले सोहि अनुसार कार्यालयले नियमानुसार सुविधा उपलब्ध गराउन अर्को कार्यपालिका बैठकमा पेश गर्ने ।

१३. यस प्रस्तावमा छलफल गर्दा हालको सुख्खा मौसममा फैलिने डढेलो नियन्त्रणका लागि सशस्त्र प्रहरी बल नेपाल सुरक्षा पोष्ट IRT पोष्ट मनहरीले माग गरेकाले देहायका सामग्रीहरु विपद् ब्यवस्थापन कोषवाट खरिद गरी आवश्यकता अनुसार कार्यालयले उपलब्ध गराउने ।

| सि.नं. | सामनको नाम | इकाई | परिमाण | सि.नं. | सामनको नाम | इकाई | परिमाण |
|---|---|---|---|---|---|---|---|
| १. | फलामको बाल्टिन | थान | ५ | ६ | बन्चरो | थान | १ |
| २ | सावेल/पिक/फरुवा | थान | ५/५/५ | ७ | खुर्पा/हसिया | थान | ५ |
| ३ | डोरी | मिटर | १०० | ८ | ३*६ को प्लाईउड | थान | १० |
| ४ | बुट/चस्मा | थान | १०/१० | ९ | १०० मिटर तार सहितको पानी तान्ने मोटर | थान | १ |
| ५ | फायरएक्सटिंग्विशर | थान | ३ | १० | Trees Cutting Machines (Heavy) | थान | १ |

१४. यस प्रस्तावमा छलफल मनहरी गाउँपालिका वडा नं. ३ पाल्दमार सडकमा पहिरोका कारण आवतजावत गर्न जोखिमपुर्ण भएकाले सो स्थानमा १५ थान जाली सहित सडक संरक्षण कार्य सम्वन्धित उपभोक्ता समिति मार्फत गर्ने र सो को खर्च रकम प्राविधिकको लागत अनुमान अनुसार विपद ब्यवस्थापन कोषवाट आवश्यक प्रकृया पुरागरी उपलब्ध गराउने ।

१५. यस प्रस्तावमा छलफल गर्दा मनहरी गाउँपालिकाका सवै वडाका ईच्छुक बेरोजगार युवाहरुलाई कम्प्युटर मर्मत तालिममा सहभागि गराउन चालु खर्चवाट युवालाई कम्प्युटर तालिम शिर्षकमा विनियोजित रु. ४ लाखवाट खर्च गर्ने गरी प्रत्येक वडावाट २/२ जनाका दरले वडा कार्यालयको सिफारिसको आधारमा सहभागि गराई कोभिड स्वास्थ्य सतर्कता अपनाई उपयुक्त समयमा योग्य संस्था छनौट गरी कार्यक्रम संचालन गर्ने ब्यवस्था कार्यालयले मिलाउने ।

एकराज उप्रेती

१६. विश्वब्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरिएन्ट सहितको कोभिड १९ को जोखिम देशभर तिब्र रुपमा बढदै गएको सन्दर्भमा सो महामारीको रोकथाम र नियन्त्रणका लागि सावधानी अपनाउन अति जरुरी रहेकाले सो का लागि देहाय अनुसारका कार्यहरु गर्ने ।

क. विद्यालयमा भौतिक रुपले उपस्थित भई हुने पठनपाठन, परिक्षा, कोचिङ कक्षा, ट्युसन, खेलकुद लगायका कृयाकलापहरु शिक्षा समितिको समन्वयमा वन्द गर्ने/गराउने ।

ख. अत्यावश्य औषधि र स्वास्थ्य सुरक्षा सामग्रीको ब्यवस्थापन स्वास्थ्य शाखा मार्फत कार्यालयले मिलाउने ।

ग. कार्यालयले स्वास्थ्यकर्मिहरुलाई उपयुक्त स्थानमा परिचालन गर्ने ।

घ. वडा कार्यालयहरुले आवश्यक सतर्कता र स्वास्थ्य मापदण्ड पालनाका लागि माईकिङ सहितको प्रचार प्रसार गर्ने ।

ङ. भिडभाड कम गर्न र सर्वसाधारणहरु अनावस्यक रुपमा घरवाट वाहिर ननिस्कन र निस्किन परेमा जनस्वास्थ्यका पर्याप्त मापदण्ड पालना गर्न/गराउन निजी क्षेत्र, सुरक्षा संयन्त्र लगायत राजनैतिक दलहरु समेत सकृय हुने ।

च. पालिका तथा वडा कार्यालयहरुले स्वास्थ सुरक्षा मापदण्ड अपनाई आलोपालो सेवा प्रवाह गर्ने ब्यवस्था मिलाउने ।

छ. खाद्य तथा ईन्धन सुरक्षा र भण्डारण तथा विदेश र वाहिरी जिल्लाहरुवाट लुकिछिपि आउने ब्यक्तिहरुको निगरानीका लागि उद्योग वाणिज्य संघ, सुरक्षा निकाय तथा जनप्रतिनिधीहरु समेत सकृय हुने ।

ज. विदेश तथा संक्रमणको जोखिम भएका स्थानहरुवाट आउने मानिसहरुलाई कम्तीमा १४ दिन सम्म अनिवार्य रुपमा होम क्वारेन्टाईनमा वस्न लगाउने ।

झ. पार्टि प्यालेस, भ्रमण, भेला, सभा, तालिम, हाटवजार, आदि वन्द गर्ने । राजमार्गका रेष्टुरेन्टहरुमा भिडभाड नहुने गरी टेक अवे सेवा वाहेक अन्य सेवा बन्द गर्ने ।

ञ. खाद्य पसल, सब्जीमण्डि जस्ता भिडभाड हुनसक्ने पसलहरुमा दुरी कायम गराउने र जोखिमपुर्ण स्थानहरुमा सावुनपानी, सेनिटाईजनको ब्यवस्था मिलाउने र मिलाउन लगाउने ।

ट. गत वर्ष संचालनमा रहेका आईशोलेशनहरु तथा कोभिड अस्पताल अविलम्व संचालन गरी कार्यालयले अक्सिजन सहितको आवश्यक ब्यवस्था मिलाउने ।

ठ. उल्लेखित कार्यहरु गर्न कोभिड ब्यवस्थापन कोष संचालनका लागि कार्यालयले आवश्यक तयारी गर्ने ।

ड. नेपाल रेडक्रस सोसाईटी मनहरी शाखाले एम्वुलेन्सहरु चालु हालतमा राख्ने ब्यवस्था मिलाउने ।

उल्लेखित कार्यहरु ब्यवस्थित गर्न देहाय अनुसारको अनुगमन तथा ब्यवस्थापन समिति गठन गरी कार्य गर्ने ।

१. ब्यवस्थापन समिति तर्फ
संयोजक ७ नं. वडा अध्यक्ष श्री ठाकुरराम तिटुङ
सदस्य ४ नं. वडा अध्यक्ष श्री ध्रुव खड्का
सदस्य २ नं. वडा अध्यक्ष श्री आनन्द घलान
सदस्य आर्थिक प्रशासन शाखा प्रमुख श्री संगिता अधिकारी
सदस्य सचिव स्वास्थ्य संयोजक श्री टीकाराम अधिकारी

२. अनुगमन तथा सहजिकरण समिति तर्फ
संयोजक ९ नं. वडा अध्यक्ष श्री साधुराम अधिकारी
सदस्य १ नं. वडा अध्यक्ष श्री शिव खनाल
सदस्य ६ नं. वडा अध्यक्ष श्री गोपिलाल मोक्तान
सदस्य ३ नं. का.बा. वडा अध्यक्ष श्री विष्णु थिङ
सदस्य का.पा.स. श्री गीता प्रजा
सि.अ.न.मी. श्री निर्मला अधिकारी सदस्यसचिव

१७. यस प्रस्तावमा छलफल गर्दा गाउँपालिका चालु तर्फ अनलाईन मिडियामा पालिकाको प्रगति प्रवर्धन शिर्षकमा विनियोजित रकमवाट जनपत्र मिडिया प्रा.लि.ले पालिकाको पुर्वाधार विकास/कृषि/सहकारी/स्वास्थ्य जस्ता गतिविधिहरु समेटेर फिचर लेखनको प्रस्तावका लागि रु.९९,०००.०० र विभान मिडिया प्रा.लि. ले अपाङ्गता भएका ब्यक्तिहरुको अवस्थाको विषयमा डकुमेन्ट्रि बनाउन पेश गरेको प्रस्तावका लागि रु.५०,०००.०० स्वीकृत गरी कार्यालयले नियमानुसार कार्यान्वयन गराउने ।

१८. यस प्रस्तावमा छलफल गर्दा गत वर्ष ठेक्का प्रकृयावाट मिति २०७७/०२/२५ गते प्रकाशित दरभाउपत्रहरु अनुसार श्री ग्रामिण सप्लायर्स मनहरी ७ संग रु.१४,९९,७५०.०० मा संझौता भई खरिद भएको सोलार पोल सहितका बत्तिहरु तोकिएका स्थानमा जडान समेत भैसकेकाले निजलाई आवश्यक प्रकृया पुरा गरी गाउँपालिका पुँजिगत तर्फ वडा स्तरीय भैपरी योजनाहरुको शिर्षकवाट भुक्तानीको ब्यवस्था मिलाउने ।

१९. यस प्रस्तावमा छलफल गर्दा पशुपंक्षी विकास शाखामा गोवर र दुध परिक्षणका लागि Laboratory Test संचालन गर्न आवश्यक भएको भनि सामग्री माग भएको तर सो कार्यका लागि बजेट अभाव भएकाले बोयर वोका वितरण ५०% अनुदान शिर्षकमा विनियोजित रु. ३ लाखवाट Fecal Examination र CMT(California Mastitis Test) ल्याव संचालनका लागि कार्यालयले देहाय अनुसारको सामग्री खरिद गरी कार्य गर्ने ।

| क्र.स. | शिर्षक | इकाई | परिमाण | क्र.स. | शिर्षक | इकाई | परिमाण |
|---|---|---|---|---|---|---|---|
| १ | Microscope | थान | १ | ५ | Mortar Pestle | थान | २ |
| २ | CMT reagent | लिटर | १ | ६ | Restrainer | थान | २ |
| ३ | CMT paddle | थान | २ | ७ | प्लास्टिक भाँडा | थान | १२ |
| ४ | Microscopic slide | प्याकेट | ३ | ८ | अन्य खुद्रा सामान | आवश्यकता अनुसार | |

२०. यस प्रस्तावमा छलफल गर्दा मनहरी वडा नं. ६ निवासी श्री सोम बहादुर तामाङ र सितामाया तामाङको ६ महिने नाबालक शिशु अपहरणमा परी भारतको राजस्थानमा लगेकोले वालकलाई सकुशल उद्धार गरी ल्याउन गत माघ ५ गते बसेको कार्यपालिका बैठकको निर्णयानुसार खटाईएको टोलीले सो वालकलाई सकुशल उद्धार गरी ल्याउन सफल भएकाले सो टोलीलाई धन्यवाद दिने ।

सो कार्यमा खर्च भएको रकमवाट विल, भरपाई तथा प्रतिवेदन अनुसार जान, आउन, खाना तथा वास खर्च लगायत भैपरी आउने न्युनतम आवश्यक रकम रु. ३,०८,८२४.०० मा नियमानुसार पेश्कि फर्छयौट गरी असहाय महिला वालवालिका उद्दार शिर्षकवाट आलेप सहायक पाँचौ श्री दिपेशकुमार महतोलाई वाँकि रकम भुक्तानी गर्ने ।

२१. यस प्रस्तावमा छलफल गर्दा देहाय अनुसारका शिर्षकहरुवाट वार्षिक स्वीकृत विनियोजित बजेटको परिधि भित्र रहि उल्लेखित योजना संचालन तथा जिन्सी सामग्रीहरु आवश्यक प्रकृया पुरा गरी उपलब्ध गराउने ।

| सि.नं. | योजनाको नाम | नगद/ जिन्सी | भुक्तानीको श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | सिरानटोल रुन्चेडाँडा खानेपानी योजना वडा नं. ५ | २ लाख | भैपरी पुँजिगत | प्राविधिकको लई अनुसार गर्ने |
| २ | नौखोले टोल देखि लामपाखा सम्मको सडक निर्माण योजना | १.५ लाख | वडा स्तरीय भैपरी योजना | प्राविधिकको लई अनुसार गर्ने |
| ३ | ९ को गिरीटोलमा Hum Pipe वडा कार्यालयको सिफारिसमा | १.५ लाख | वडा स्तरीय भैपरी योजना | प्राविधिकको लई अनुसार गर्ने |
| ४ | वडा नं. ६ को डिपाटमा ह्युपाईप सहित ग्राभेलिङ गर्ने कार्य | ३.५ लाख | वडा स्तरीय भैपरी योजना | प्राविधिकको लई अनुसार गर्ने |
| ५ | श्री नवज्योती प्राथमिक विद्यालय लामिटार रंगरोगत | ३३ हजार | पुँजिगत सम्पत्ती मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| ६ | लामिटार च्याउखेती जाने बाटो निर्माण | ५० टेलर ग्राभेल | वडा स्तरीय भैपरी योजना | प्राविधिकको लई अनुसार गर्ने |
| ७ | प्राथिमिक विद्यालय देउकोट (25mm Ø HDEP Pipe ) | ९७५ मि | पुँजिगत सम्पत्ती मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| ८ | बुद्ध शान्ति एकिकृत कृषि तथा पशुपन्छि फर्म मनहरी ८ | १ HP को पानी तान्ने मोटर | पुँजिगत सम्पत्ती मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| ९ | शुभ विहानी मितेरी खाजा घर | २०,९९०.०० | कोरना विपद् ब्यवस्थपन कोष | प्रहरी चौकि सुनाचुरीको सिफारिस |
| १० | मनहरी ६ जोगितालमा रासी नदीको खोल्चा नियन्त्रण योजना | ५०घण्टा डोजर संचालन | भैपरी पुँजिगत | प्राविधिकको लई अनुसार गर्ने |
| ११ | जैसिङ कृषक समुह मनहरी ९ लाई (63mm Ø HDEP Pipe ) | २०० मि | पुँजिगत सम्पत्ती मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| १२ | नापी कार्यालय मकवानपुरलाई पावर ब्याकप UPS 900 VA Double Battery सहित १५ थान | १.५ लाख | सार्वजनिक जग्गाको लगत संकलन नापी समेत शिषकवाट | |

| | | | | |
|---|---|---|---|---|
| १३ | मनकामना सामुदायिक वनलाई खानेपानी पाईप खरिद योजना (४० एम.एम.को) | २०० मि | पुँजिगत सम्पत्ती मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| १४ | युवा वर्ष गंगा आधारभुत विद्यालयलाई NP3 24 inch Ø Hum Pipe | २ थान | पुँजिगत सम्पत्ती मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| १५ | महेद्र किरण मा.वि खानेपानी पाईप खरिद योजना (32mm Ø HDEP Pipe ) | ३०० मि. | पुँजिगत सम्पत्ती मर्मत संभार कोष | प्राविधिकको लई अनुसार स्टोरले खरिद गर्ने |
| १६ | चुरियामाई मन्दिर मर्मत योजना वडा नं. ३ | १.५ लाख | पुँजिगत सम्पत्ती मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| १७ | सक्षम युवा एकिकृत कृषि तथा पशुपंक्षी फर्म पानी ट्याँकि निर्माण योजना मनहरी ९ | ५ लाख | भैपरी पुँजिगत | प्राविधिकको लई अनुसार गर्ने |
| १८ | वडा कार्यालयमा खानेपानी पाईप वडा नं. ६ (32mm Ø HDEP Pipe ) | ६५० मिटर | वि.सा.सं.वडा का. मर्मत संभार | प्राविधिकको लई अनुसार गर्ने |
| १९ | विजौना कृष्ण मन्दिर अधुरो योजना मनहरी ७ | २ लाख | भैपरी पुँजिगत | प्राविधिकको लई अनुसार गर्ने |
| २० | ढकाल टोल खा.पा. योजना मनहरी ८ | १.५" पाईप र १ थान स्टेप्लाईजर १०MB को | पुँजिगत सम्पत्ती मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| २१ | बगौडा सिंचाई योजना वडा नं. ३ | १ थान पानी तान्ने मोटर र १ क्वायल विद्युत तार | पुँजिगत सम्पत्ती मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| २२ | मनहरी बहुमुखी क्याम्पस शैक्षिक अनुदान मनहरी ८ | ३ लाख | गत वर्षको भुक्तानी दिन बाँकि योजना | प्रस्ताव अनुसार गर्ने |
| २३ | एतिहासिक गौरीधारा अधुरो निर्माण योजना मनहरी ३ | २ लाख | भैपरी पुँजिगत | प्राविधिकको लई अनुसार गर्ने |
| २४ | पर्ता सामुदायायिक भवन निर्माण योजना मनहरी १ | १ लाख | भैपरी पुँजिगत | प्राविधिकको लई अनुसार गर्ने |
| २५ | गाउँपालिकाको बृत्त चित्र निर्माण (संगितकार चेतन सापकोटा मार्फत) | ३ लाख | पुरस्कार अतिर्क्त कृयाकलाप | प्रस्ताव अनुसार गर्ने |
| २६ | दर्दरा विचटोल बाटो निर्माण योजना मनहरी ५ | ३ लाख | भैपरी पुँजिगत | प्राविधिकको लई अनुसार गर्ने |
| २७ | खरङ्गा ढल निकास योजना मनहरी ९ | ४० हजार | पुँजिगत सम्पत्ती मर्मत संभार कोष | प्राविधिकको लई अनुसार गर्ने |
| २८ | मेडिसेल्स फर्मा औषधि खरिद | १,९१,३२०.०० | कोरना विपद् ब्यवस्थपन कोष | कोटेशन/ कार्यालयको खरिद आदेशानुसार |
| २९ | च्यापल गणेश ब. टोल बस्ती बचाउ योजना(ग्याबियन बाँध्ने) वडा नं.२ | २ लाख | भैपरी पुँजिगत | प्राविधिकको लई अनुसार गर्ने |
| ३० | मोतिदेवी पार्क निर्माण योजना मनहरी ९ | १० लाख | भैपरी पुँजिगत | प्राविधिकको लई अनुसार गर्ने |

२२.यस प्रस्तावमा छलफल गर्दा गाउँपालिका चालु तर्फ महिला लोकसेवा आयोग तयारी कक्षा कार्यक्रम संचालनका लागि विनियोजित रु. ४ लाखवाट छनौटको आवश्यक प्रकृया पुर्याई पाठशाला इन्स्टिटच्यूट प्रा.लि. ले पेश गरेको प्रस्तावना अनुसार दलित र जनजाति सहित समावेश हुने गरी ईच्छुक र संभाब्य उमेद्वारहरुको आवेदन माग/छनौट गरी स्वास्थ्य सतर्कताका साथ उपयुक्त समयमा कक्षा संचालनको ब्यवस्था कार्यालयले मिलाउने ।

२३.यस प्रस्तावमा छलफल गर्दा मनहरी ३ लामिटारमा मिति २०७७/०६/२४ गते वसेको कार्यापालिका वैठकको निर्णय नं.२५.५ मा सान्ननीटार हाँडिखोला वीचको रात्ती पुलमा काठे साँगु राख्न १ लाख विनियोजन गरिएकोमा सो कार्य विनियोजित रकमले नपुगेको भनि थप रकम माग भएको साथै अन्य श्रोतवाट समेत रकम संकलन भएको जानकारी भएकोले सम्वन्धित वडा कार्यालयले भएको कामको अवस्था हेरी नपुग रकम भुक्तानीका लागि सिफारिसको आधारमा सोहि शिर्षकवाट १.५ लाख थप गरी कार्य सम्पन्न गर्ने/गराउने ।

२४.यस विविध प्रस्तावहरुमा छलफल गर्दा देहाय अनुसार गर्ने ।

क. मिति २०७७ फागुन २८ को निर्णय नं. १८ अनुसार पालिकाको संगठन तथा ब्यवस्थापन सर्वेक्षण (O&M) का लागि विनियोजित रकममा कार्यालय संग भएको संझौता अनुसार नपुग हुने रकम सोहि शिर्षकवाट थप गरी कार्यालयले कार्य सम्पन्न गराउने ।

ख. जिन्सी शाखावाट उपलब्ध गराईएका देहायका जिन्सी सामग्रीहरु उल्लेखित शिर्षकवाट भुक्तानी/अनुमोदन गर्ने ।

| सि.नं. | सामानको नाम | वुझिलिने | उपभोक्ता समिति | रकम | भुक्तानीको श्रोत |
|---|---|---|---|---|---|
| १ | पोलेथिन पाईप २५० मिटर/32mm Ø | कमला कुमारी नेपाल मनहरी ६ | सुनाचुरी रामडाँडा खानेपानी योजना | १५००० | पुँजिगत भैपरि विविध |
| २ | पोलेथिन पाईप १००० मिटर/32mm Ø | गुणराज ढकाल मनहरी ८ | प्राथमिकविद्यालय देउकोट | ६०००० | पुँजिगत भैपरि विविध |
| ३ | १"को मोटर १ थान/ पोलेथिन पाईप 20mmØ-३००,Ø25mm-४०० मिटर | तुल बहादुर रुम्वा मनहरी २ | सर्सिधाप खानेपानी योजना | ३५००० | पुँजिगत भैपरि विविध |
| ४ | ट्यूवेल धारा एक सेट | सिता राई मनहरी ७ | रमौली टोल खानेपानी योजना | १३५०० | पुँजिगत भैपरि विविध |
| ५ | ट्यूवेल धारा एक सेट | मनिस राई मनहरी ७ | रमौली टोल खानेपानी योजना | १३५०० | पुँजिगत भैपरि विविध |
| ६ | १"को मोटर १ थान/ पोलेथिन पाईप 25mmØ-२०० मिटर | हिरालाल बल मनहरी २ | टाँडी सिरान खानेपानी योजना | २५००० | पुँजिगत भैपरि विविध |
| ७ | पोलेथिन पाईप 32mm Ø- ४०० मिटर | | खानेपानी योजना मनहरी ८ | १५००० | पुँजिगत भैपरि विविध |

ग. मकवानपुर बहिरा संघको माग अनुसार २०७८ बैशाख ५ र ६ गते हेटौडामा आयोजित राष्ट्रिय कार्यशाला गोष्ठिमा एक छाक खाना सहयोगका लागि गाउँपालिका चालु तर्फको विविध खर्च शिर्षकवाट नियमानुसार आवश्यक कागजातहरुको आधारमा भुक्तानीको ब्यवस्था मिलाउने ।

घ. मनहरी ५ बसन्तपुरमा रहेको भोजशिद्ध मा.वि. र संगै रहेको स्वास्थ्य चौकिमा खानेपानीको अभाव रहेकाले मिटरवाला धारा जडान गर्ने र विद्यालयको प्रशासनिक कार्यमा सहजता ल्याउन एक थान प्रिन्टर माग भै आएकाले रु. ३०,०००.०० गाउँपालिका चालु तर्फको सार्वजनिक उपयोगिताको सेवा खर्चवाट आवश्यक कागजातहरुको आधारमा उपलब्ध गराउने ।

ङ. राष्ट्रिय रोटरी माध्यमिक विद्यालयमा गाउँपालिका स्तरीय राष्टपति रनिङ शिल्ड छनौट प्रतियोगिता २०७७ चैत्र २० र २१ गते संचालन गरिएकाले सो प्रतियोगितामा खर्च भएको रकम रु. १,५०,०००.०० गाउँपालिका चालु तर्फको विद्यालय करेसावारी कार्यक्रमवाट प्राप्त विल भरपाईको आधारमा नियमानुसार उपलब्ध गराउने ।

च. मनहरी ८ देउकोटमा रहेको थाहा स्मृति आधारभुत स्वास्थ केन्द्र भवन मर्मत र रंगरोगन गरी संचालन गर्नु पर्ने भएकाले सो कार्यमा हुने खर्च रकम गाउँपालिका चालु तर्फको सार्वजनिक सम्पत्तीको मर्मत संभार खर्चवाट विल भरपाई आदिको आधारमा रु. २४,०००.०० भुक्तानी गर्ने ।

छ. देहाय अनुसारका ब्यक्तिहरुलाई सम्वन्धित काजगातहरु तथा वडा कार्यालयवाट तथा स्वास्थ्य शाखावाट भएको सिफारिस समेतको आधारमा स्वास्थ्य उपचार तथा मृतकहरुका लागि आर्थिक सहायता तथा चन्दा शिर्षकमा विनियोजित चालु बजेटवाट प्रदान गर्ने ।

| सि.नं. | वडा नं. | नाम थर | विषय | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | श्रीमाया रुम्वा | पेट रोग | १००००.०० | |
| २ | ३ | सुकुमाया बल | क्यान्सर | १००००.०० | |
| ३ | ५ | गोमा कुमारी वाईवा | क्यान्सर | १००००.०० | |
| ४ | १ | हिरा कुमारी मुक्तान | मुटुरोग | १००००.०० | |
| ५ | ९ | श्याम पुरी | मुटुरोग | १००००.०० | |
| ६ | ९ | विष्णु वि.क. | मुटुरोग | १००००.०० | |
| ७ | ९ | गोमा गिरी | क्यान्सर | १००००.०० | |
| ८ | ६ | माईली तामाङ | क्यान्सर | १००००.०० | |
| ९ | १ | राजकुमार उप्रेती | मृगौला रोगी | १००००.०० | |
| १० | ७ | सिर्जना दर्जी | मृगौला रोगी | १००००.०० | |
| ११ | ७ | ईन्द्र कुमारी खड्का | गंभिर चोट | १००००.०० | |
| १२ | ७ | सन्जु पाख्रिन | गंभिर चोट | १००००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | ६ | अशोक उप्रेती | मृगौला रोगी | १००००.०० | |
| १४ | ८ | मुरली दमाई | मुटु रोग | १००००.०० | |

उपरोक्त अनुसारका निर्णयहरु सर्वसम्मति रुपमा गर्दै आजको बैठक सम्पन्न भयो ।

एकराज उप्रेती

मनहरी गाउँ कार्यपालिकाको निर्णय